## धनपालथान गाउँपालिकाको चौथो गाउँसभामा गाउँपालिका उपाध्यक्ष नसिमा वानोवाट प्रस्तुत आर्थिक बर्ष २०७६/०७७ को नीति,कार्यक्रम तथा बजेट

श्रद्धेय सभाध्यक्ष महोदय

धनपालथान गाउँपालिकाको आ.व. २०७६/०७७ को नीति,कार्यक्रम तथा बजेट स्थानीय तहको निर्वाचन पश्चातको चौथो गाउँसभामा यहाँहरु समक्ष पेश गर्न पाउँदा मलाई खुसी लागेको छ । नेपालको संविधानले अवलम्वन गरेको संघीय शासन प्रणाली कार्यान्वयनको क्रममा निर्वाचित पदाधिकारीको दुई वर्ष कार्यकाल व्यतित भईसकेको छ । सबै कुरा प्रस्ट नभईसकेको, ऐन, नियम, कानून कार्यविधि तथा निर्देशिकाहरु बन्ने क्रममा रहेको यस संक्रमणकालिन अवस्थामा धनपालथान गाउँपालिकाको नीति कार्यक्रम र बजेट गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित ठानेको छु ।

विभिन्न कालखण्डमा जनताको अधिकार प्राप्तिको आन्दोलनहरुमा सहादत्त प्राप्त गर्नु हुने ज्ञात अज्ञात शहिद प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

स्थानीय तहको निर्वाचनपछि सार्वभौम नागरिकको विकासप्रतिको असीमित चाहनालाई सीमित स्रोत साधनको विवेकपूर्ण र न्यायोचित वितरणको माध्यमवाट परिपूर्ति गर्ने आत्मविश्वासका साथ आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि सहयोग गर्नुहुने गाउँवासीहरु, गाउँसभा सदस्य लगायत सम्वद्ध सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हामीलाई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्यशक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकार आभास गराउने अभ्यासको अवसरको चौथो चरणमा हामी प्रवेश गरेका छौं ।

**सभाध्यक्ष महोदय,**

नेपाली जनताको लोकतन्त्र, समानता र सामाजिक विकासको चाहना अनुरुप पटक-पटक भएका विभिन्न आन्दोलन तथा विद्रोहको परिणाम स्वरुप लोकतान्त्रिक मुल्य एवं मान्यतालाई आत्मसाथ गर्दै राज्य प्रणालीको क्रमश: रुपान्तरण हुदै आएको छ । पछिल्लो पटक आमनेपालीहरुको संघीयता र स्वशासनको चाहनालाई जननिर्मित संविधानवाट प्रत्याभुत गरिएको छ । राज्य प्रणालीको रुपान्तरणसंगै एकात्मक ढाँचाको राज्यको स्वरुपमा आमुल परिवर्तन गरी संघीय शासन प्रणालीको परिकल्पना तिनै तहको निर्वाचन सम्पन्न भई अभ्यासको चरणमा रहेका छौ ।

आज हामी निर्वाचनपछिको पहिलो वर्षमा नागरिकहरुको आकांक्षा र गाउँको सम्वृद्धिका लागि निर्वाचित प्रतिनिधिहरुको प्रतिवद्धता कार्यान्वयनको दोश्रो चरण पार गरी तेश्रो वर्षमा प्रवेश गरेका छौं । संविधानले स्थानीय तहलाई प्रदान गरेका एकल अधिकार कार्यान्वयका लागि आवश्यक कार्यविधि निर्माण र नागरिकको विकासको चाहनालाई समानान्तर रुपमा अघि बढाउदै लानु परेको छ । यसैगरी समग्र गाउँको समृद्धि तर्फ तिव्र गतिको यात्रा तय गर्नुपर्ने चुनौतीपूर्ण अवस्थामा छौं । संविधान प्रदत्त स्थानीय तहको व्यापक क्षेत्राधिकार भएको, बलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियामा आईपरेका चुनौतीहरुको सहज व्यवस्थापनको लागि आवश्यक कानूनी तथा प्रशासनिक प्रक्रियाहरु निर्माण र कार्यान्वयनमा सावधानीपूर्वक अघि बढाउदै जानु परेको छ । लामो समयको संघर्षपछि प्राप्त लोकतान्त्रिक संघीय गणतन्त्रात्मक व्यवस्थाको सफल र व्यवहारिक कार्यान्वयनको जटिल र चुनौतीपूर्ण मोडमा छौं । त्यस अर्थमा सानो असावधानीले पनि निकै ठूलो क्षति व्यहोर्नु पर्ने अवस्था आउन सक्ने विषयलाई हामीले गम्भीरतापूर्वक लिदै आफ्ना कदमहरु अघि बढाउनु परेको छ ।

### गाउँपालिकाको मौजुदा अवस्थाको आँकलन

**सभाध्यक्ष महोदय,**

प्रदेश नं १ को राजधानी विराटनगर नजिकै रहेको साथै बृहतर विराटनगर क्षेत्रमा समेटिएकोले आर्थिक,सामाजिक, दृष्टिले विकासका प्रचुर संभावना रहेको भएतापनि भौतिक पूर्वाधार विकासको दृष्टिकोणले धनपालथान गाउँपालिका तुलनात्मक रुपमा पछाडि परेको छ । गाउँमा रहेका नदी तथा खोलाका कारण समेत यहाँको भौतिक विकास पछाडि परेको महसुस गरिएको छ । गाउँवासीहरु स्वच्छ खानेपानीको पहुँचवाट टाढा छन । बाह्रै महिना चल्नसक्ने बाटो, पुल र कल्भर्टको अभावमा विरामीलाई अस्पताल/स्वास्थ्य केन्द्र सम्म पुऱ्याउन कठिनाइ छ । गाउँको सबै क्षेत्रमा विद्युत सेवामा पहुँच पुगेको छैन । आर्थिक रुपले सक्रिय जनशक्ति रोजगारीको अभावमा निस्क्रिय अवस्थामा छ भने धेरैजसो युवाहरु रोजगारको खोजीमा विदेशिएका छन् । जनशक्ति अभावका कारण खेतीयोग्य जमिन बाँझो भएका छन् भने परम्परागत निर्वाहमुखी कृषि प्रणलीको कारण कृषिको व्यवसायीकरण हुन सकेको छैन । कृषक र कृषि पेशाप्रति सम्मानको संस्कृतिको विकास गर्न सकिएको छैन ।

अव्यवस्थित बसोवासको कारण आधारभूत सेवा प्रवाहमा कठिनाई उत्पन्न भएको छ । गाउँको भू-उपयोग अवस्था चिन्ताजनक रहेको छ । एकीकृत बसोवासको समस्या र घना वस्तीमा समेत अव्यवस्थित वसोवासले समस्या पैदा गरेको छ । सार्वजनिक जग्गाहरु संरक्षणको अभावमा दिनानुदिन अतिक्रमणको चपेटामा परेकाछन् । वातावरण मैत्री र व्यवस्थित शहरीकरणको अभावले यहाँका मानिसहरुको जीवन कष्टकर बनेको छ । गाउँको पूर्वाधार कमजोर भएका कारण सबै गाउँवासीहरुमा गाउँप्रतिको अपनत्व जगाउन कठिन भएको छ भने गाउँभित्रका गाउँवासीको रुपमा साझा भावनाको विकास हुन नसकेको देखिन्छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

धनपालथान गाउँपालिकाको चालु वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माणका क्रममा प्रमुख रुपमा लिईएको निम्न आधारहरु प्रस्तुत गर्न अनुमति चाहान्छु :

चालु वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माणको क्रममा नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु तथा संविधानका अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका सूचीहरुमा भएका व्यवस्था, चौधौ राष्ट्रिय योजना,

दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्थ मन्त्रालयवाट प्राप्त मार्गदर्शन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयर प्रदेश सरकारको तर्फवाट समयसमयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरु, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७५, प्राकृतिक श्रोत तथा वित्त आयोग र विभिन्न विषयगत समितिवाट प्राप्त सुझावहरु, राजश्व परामर्श समितिवाट प्राप्त सुझावका आधारमा संम्भव भएसम्म जन चाहनालाई समेट्ने अभिप्राय लिई प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ ।

**चालु वर्षको बजेटका निम्न उद्धेश्यहरु रहेका छन्**

- पूर्वाधारको विकास गर्ने ।
- कृषिमा विविधिकरण
- गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुलाई सरल, सहज र प्रविधिमैत्री बनाउने ।
- गाउँपालिकाप्रति आमनागरिकहरुको आस्थालाई बृद्धि गर्ने ।
- लक्षित वर्गको सशक्तिकरण गर्ने ।

**यी उद्धेश्य पुरा गर्न चालु आ.व.का प्राथमिकताहरु**

- सडक पूर्वाधार निर्माण र स्तरोन्नती
- कृषि पर्यटन प्रबर्द्धन तथा कृषि प्रविधिको आधुनिकिरण
- वातावरण संरक्षण
- रोजगारीको अवसरमा बृद्धि
- पर्यटकीय गन्तब्यहरुको उजागर गरी आर्थिक उपार्जन सँग जोड्ने ।
- सामाजिक क्षमतामा बृद्धि
- सेवा प्रवाहमा प्रभावकारीता
- सुशासनमा जोड

सम्मानित यस सभामा **"कृषि, शिक्षा, स्वास्थ्यमा उन्नति, पूर्वाधार विकाससहित धनपालथानको समुन्नति"**भन्ने मुल नारा सहित म समग्र धनपालथान गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१. **अवलम्बन गरिएका प्रमुख नीतिहरु :**

- स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा सन्तुलित वितरणलाई मध्यनजर राखी आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- यस गाउँपालिकाको गौरवका आयोजनाहरु छनौट गरी प्रदेश सरकार र संघीय सरकारको सहकार्यमा संचालन गरिनेछ ।
- गरिबी निवारणमा टेवा पुऱ्याउने योजनाहरुलाई कार्यक्रममा समावेश गरिनेछ ।
- गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिएको छ ।
- गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्न् सहयोग पुग्ने योजनालाई प्राथमिकता दिने नीति लिएको छ ।
- बजेट तर्जूमा गर्दा विषय क्षेत्रगत बजेट सीमा निर्धारण गरी सोहीबमोजिम योजना छनौट गर्ने नीति लिएको छ ।
- भौतिक पूर्वाधारतर्फको योजनागत कार्यक्रमहरु (तेश्रो चौमासिकमा संचालन गरिने कार्यक्रमहरु) चैत्र मसान्तसम्म सम्झौता गरिसक्नु पर्ने व्यवस्थालाई कडाइको रुपमा लागू गरिनेछ । साथै संचालित योजनाहरु जेष्ठ मसान्तसम्म सम्पन्न गर्न प्रोत्साहित गरी आषाढ महिनामा पूर्वाधार निर्माण तर्फका योजनाहरुको संचालन गर्न निरुत्साहित गरिनेछ ।
- यस गाउँपालिकामा रहेको मायागन्ज छोटी भन्सारलाई स्तरोन्नती गरी विकास तथा विस्तार गर्न प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।
- धनपालथान गाउँपालिकाको विकास तथा निर्माणमा मुख्य पूर्वाधार विकासको रुपमा रहेको हुलाकी सडक निर्माण र सो सडकमा रहेका पुल, कल्भर्ट लगायतका पूर्वाधार कार्यलाई सम्पन्न गर्न सम्बन्धित निकाय र उपल्लो सरकारसँग आवश्यक व्यवस्था मिलाउन प्रयत्न गरिनेछ ।
- धनपालथान गाउँपालिकालाई आधुनिक नमूना शहर निर्माणको लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय मोरङ, प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक व्यवस्थापन तथा कार्य सञ्चालन गर्न अनुरोध गर्ने नीति लिइनेछ ।

**आर्थिक विकास नीति**

**१. कृषि विकास :**

१.१ स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरूको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ। साथै कृषिको व्यवसायीकरण तथा विविधिकरणमा जोड दिई आयआर्जन तथा रोजगारका थप अवसरहरू सृजना गरिनेछन्।

१.२ वैज्ञानिक भू-उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ। साथै संघीय सरकारले निर्माण गर्ने भू-उपयोग नीतिको अवलम्बन गरिनेछ।

१.३ सिँचाई सुविधा, कृषि सडक, ग्रामीण विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ। सिँचाई, सडक तथा विद्युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्ध प्रविधिको सघन र व्यापक उपयोग गराइनेछ।

१.४ प्रमुख उत्पादन सामग्रीहरू (अर्गानिक मल, रासायनिक मल एवं बीउ बिजन आदि) को लागत साझेदारीको आधारमा अनुदानको व्यवस्था गरिनेछ।

१.५ स्थानीय तहमा कृषकहरूको क्षमता सुधारका लागि कृषक वर्गकै माग अनुसारका तालिम कार्यक्रममा विशेष जोड दिइनेछ।

१.६ कृषि, बाली बीमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ। साथै प्राङ्गारिक खेती **(Organic farming)** लाई प्रोत्साहन गरिनेछ।

१.७ प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनालाई विस्तार गर्ने नीति लिईनेछ।

१.८ प्रदेश सरकारको नीति बमोजिम प्रदेश सरकार र स्थानीय तहको सहकार्यमा संचालन गरिने एक स्थानीय तह एक उत्पादनलाई प्राथमिकता दिइनेछ।

१.९ हरेक वर्ष उत्कृष्ट किसानलाई पुरस्कारको व्यवस्था गरिनेछ।

१.१० सुख्खा जमिनमा सामुहिक सिचाईका उपकरण जडान गर्न अनुदानको व्यवस्था मिलाइनेछ।

१.११ कृषि मेला तथा प्रदर्शनीलाई प्रोत्साहित गरिनेछ।

१.१२ कृषि प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

१.१३ गाउँपालिकास्थित कृषक समूहहरु दर्ता गर्न प्रोत्साहित गरी समुह कार्यको अनुगमन गरिनेछ।

१.१४ हाल संचालित स्थानीय हाटबजारलाई कृषि बजारको रुपमा स्थापित गर्ने प्रयास गरिनेछ।

१.१५ कृषकहरुको उत्पादित वस्तुहरुको लागत र बिक्री मूल्य अनुपातको सन्तुलित व्यवस्थापनका लागि पहल गरिने नीति लिइनेछ। साथै कृषि उपजहरुको भण्डारणका लागि कोल्ड स्टोर निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ। साथै व्यतिगत वा सामुहिकरुपमा कोल्ड स्टोर स्थापना गर्न प्रोत्साहनको लागि राजश्व निशुल्क गर्ने नीति लिइनेछ।

**२. पशु पंक्षी विकास**

२.१ व्यवसायिक पशुपालन व्यवसायमा जोड दिइनेछ।

२.२ युवालक्षित कार्यक्रम अन्तर्गत गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा तथा माछापालन व्यवसायलाई प्रोत्साहन गरिनेछ।

२.३ नस्ल सुधारमा जोड दिदै उन्नत नस्लको विकासबाट कृषकमा आयआर्जन गरि आम्दानी बढाउन विभिन्न साझेदार संस्थाको सहभागितामा कार्यक्रम सन्चालन गर्न प्रोत्साहन गरिनेछ।

२.४ चिस्यान केन्द्रहरु स्थापना गरी दुध तथा दुग्ध पदार्थको बजार सुनिश्चित गर्न गराउन साझेदारी कार्यक्रम गर्ने नीति लिइनेछ।

२.५ स्थानीय बजारमा मासु पसलका लागि बधशाला निर्माण गर्न प्रोत्साहन गरिनेछ।

२.६ पशुपंछीपालन सम्बन्धी आवश्यक तालिमहरु संचालन गरिनेछ।

२.७ पशु आहारा विकासका लागि हिउँदे, वर्षे, बहुवर्षे घाँसका विउ तथा विरुवा वितरण गरिदै लगिनेछ।

२.८ पशुपन्छीमा लाग्ने विभिन्न रोग विरुद्द खोप सेवा संचालन गरिनेछ।

२.९ प्रत्येक वडामा वर्षमा १ पटक वडा कार्यालयसमेतको साझेदारीमा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ।

२.१० पशु पंक्षी विकास शाखामा वेसिक ल्याव स्थापनाको कार्यलाई अगाडि बढाइनेछ।

**३.पर्यटन विकास**

३.१ यस गाउँपालिका भित्र निर्माण गर्न सकिने पर्यटकीय क्षेत्रहरुको विकास गर्न आवश्यक पहल तथा विस्तृत अध्ययन गरिनेछ।

३.२ यस गाउँपालिका क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक पर्यटन प्रवर्दन गर्ने कार्यलाई अगाडी बढाइनुका साथै गाउँ क्षेत्रभित्रमा महत्व राख्ने संस्थागत मठ मन्दिर, मस्जिदहरुको संरक्षण लगायत भौतिक पूर्वाधार विकासको कार्यलाई निरन्तर अगाडी बढाईनेछ।

३.३ यस गाउँपालिका भित्र विस्तार गर्न सकिने पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास र प्रवर्द्धन गर्दै पर्यटन पूर्वाधार विकासमा जोड दिइनेछ।

**४. उद्योग विकास :**

४.१ दर्ता नभई संचालनमा रहेका उद्योग भए दर्ताको दायरामा ल्याइनेछ।

४.२ स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ।

४.३ संघीय सरकारले अघि सारेको निजी क्षेत्रसंगको सहभागितामा उद्योगग्राम स्थापनाका लागि सहजिकरण गरिनेछ।

४.४ यस गाउँपालिका क्षेत्रमा संचालित घरेलु उद्योगहरुलाई आवश्यक सिप, क्षमता अभिवृद्धिका लागि प्रोत्साहित गरिने साथै सीप र प्रविधिमा अनुदानको व्यवस्था गरिनेछ।

**५. सहकारी विकास :**

५.१ सहकारीको दर्ता तथा अनुगमन गर्ने दायित्व गाउँपालिकाको क्षेत्राधिकार भित्र परि हस्तान्तरण समेत भै सकेकोले यस गाउँपालिका भित्र रहेका सबै सहकारीहरुको विवरण अद्यावधिक गर्ने र सहकारी ऐन तथा नियमावली निर्माण प्रकृयालाई अघि बढाइने साथै नियमन र अनुगमन कार्य लाइ प्रभावकारी बनाउने नीति लिइने छ।

५.२ एक सहकारी एक उत्पादन अभियानमा सहकारीहरुलाई उत्साहित गर्दै कृषि तथा अन्य कार्यक्रमहरुमा साझेदारीको रुपमा सहभागी गराउन प्रेरित गरिने छ।

५.३ सहकारीलाई आवश्यक सिप क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ।

५.४ बचत तथा श्रृण कारोवार नगर्ने कृषि सहकारी स्थापना गर्न प्रोत्साहनको लागि राजश्व निशुल्क गर्ने नीति लिइनेछ।

सामाजिक विकास नीति

१. शिक्षा

१.१ सवै सामुदायिक विद्यालयहरुमा अपांगता तथा बालमैत्री भौतिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तर अभिवृद्धिका साथै अंग्रेजी माध्यमबाट पठनपाठन गराउने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहनको व्यवस्थालाई थप प्रभावकारी वनाउने नीति लिईनेछ ।

१.२ बालमैत्री स्थानीय शासनलाई प्रर्बद्धन गर्न बाल समूहहरुको गठन तथा परिचालनमा जोड दिनेइछ।

१.३ पठनपाठनलाइ प्रविधि मैत्री बनाउन जोड दिईनेछ ।

१.४ विद्यालयमा बाल क्लब, आमा समूहमार्फत विद्यार्थीहरुलाई खेलकुद र अतिरिक्त क्रियाकलापमा सहभागी गराउन विशेष महत्व दिइनेछ।

१.५ विद्यालयमा पठनपाठन, अतिरिक्त क्रियाकलाप, व्यवस्थापन र अनुशासनलाइ समेत आधार बनाइ पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

१.६ विद्यालयमा दिगो खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन गरी शैक्षिक उपलब्धि बढाउन अनूकुल वातावरण बनाउने प्रयास गरिनेछ।

१.७ सामुदायिक विद्यालय र बालविकासका शिक्षक/शिक्षिकहरुलाई मन्टेश्वरी तालिमको व्यवस्था मिलाइनेछ।

१.८ सामुदायिक विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्न पहल गरिनेछ।

१.९ सामुदायिक विद्यालयको सम्भाव्यताको आधारमा प्राविधिक धार संचालन गर्न प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ।

१.१० ६ वर्ष उमेर पुगिसकेका बालबालिकाहरुलाई विद्यालयमा अनिवार्य भर्ना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१.१२ प्रचलित शिक्षा ऐन तथा नियमावली उल्लंघन गर्ने विद्यालय तथा शिक्षकहरुलाई कारवाहीको दायरामा राख्ने नीति लिइनेछ।

१.१३ प्रत्येक शिक्षकले त्रैमासिकरुपमा लिने परीक्षामा तोकिएको कुल पाठ्यभारमा आउने औषत पाठ्यभार अध्ययन अध्यापन गराई सक्ने नीति अवलम्बन गरिनेछ।

१.१४ सामुदायिक विद्यालयका बाल विकास केन्द्रका शिक्षकहरु र विद्यालयका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप रु ५०००। पोशाक भत्ता दिइने नीतिलाई निरन्तरता दिइनेछ।

१.१५ सामुदायिक माध्यमिक विद्यालयहरुलाई सूचना प्रविधिको प्रयोगवाट डिजिटल कक्षा संचालनको लागि प्रोत्साहन गरिनेछ।

१.१६ सामुदायिक विद्यालयमा स्वास्थ्य र सरसफाई कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने नीति लिइनेछ।

१.१७ गाउँपालिका क्षेत्रमा कम्तीमा एक सामुदायिक क्याम्पस संचालन गर्न पहल गर्ने नीति लिइनेछ।

२ स्वास्थ्य :

२.१ सबै वडाहरुमा खोप केन्द्रहरुको निर्माणमा पहल गरिने छ।

२.२ आवश्यकता अनुसार विभिन्न संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिविर संचालन गरिने छ।

२.३ विगत देखि संचालन भएको स्वयंसेविका कोषलाई एकीकृत गरी उक्त कोषलाई निरन्तरता दिइनेछ।

२.४ संधीय सरकारको नीति अनुरुप गर्भवती तथा सुत्केरी प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

२.५ स्वास्थ्य तथा सरसफाईसम्वन्धि सचेतना कार्यक्रमहरु विद्यालय तथा समुदायस्तरमा संचालन गरिनेछ।

२.६ सामुदायिक स्वास्थ्य विमा कार्यक्रमलाइ प्रभावकारी रुपमा लागु गर्ने नीति लिईनेछ। यस गाउँपालिकाको विपन्न घर परिवारहरुलाई साझेदारीको आधारमा स्वास्थ्य बीमा कार्यक्रममा अनुदानको व्यवस्था गर्ने नीति लिईनेछ।

२.७ यस गाउँपालिकाको कर्सिया बजारमा रहेको स्वास्थ्य केन्द्रलाई संधीय सरकारको एक स्थानीय तह एक अस्पतालको नीतिअनुरुप स्तर उन्नतिको साथै सेवा प्रवाहमा गुणस्तरीयता अभिवृद्धि गर्ने र विद्यमान स्वास्थ्य चौकीहरुमा ल्याब संचालनका लागि क्रमश पहल गरिनेछ।

२.९ यस गाउँपालिकाको स्वास्थ्य संस्थाहरुको पहुँच पुग्न नसकेका क्षेत्रहरुमा सामुदायिक आधारभुत स्वास्थ्य केन्द्र हाल वडा नं. ५ मा आधारभुत स्वास्थ्य केन्द्र स्थापना भइ संचालन भएकोमा स्वास्थ्य संस्थाहरुको पहुँच पुग्न नसकेका क्षेत्रहरुमा क्रमश गाउँघर क्लिनिक स्थापनाका लागि पहल गरिनेछ ।

२.१० यस गाउँपालिका क्षेत्रमा कार्यरत ४५ जना स्वयंसेविकाहरुलाई सेवामा प्रोत्साहन र सेवालाई प्रभावकारी बनाउन मासिक रु ८०० यातायात खर्च उपलव्ध गराइनेछ।

२.११ मानसिक स्वास्थ्य र लागुपदार्थ दुर्व्यसन न्यूनीकरणका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ।

२.१२ पूर्ण खोपको सुनिश्चिततालाई दिगो बनाइनेछ।

२.१३ विद्यालयहरुमा किशोरीमैत्री विद्यालय कार्यक्रम संचालन एवं विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।

२.१४ स्वास्थ्य संस्थाहरुमा सुचिकृत अत्यावश्यक औषधिहरुको निरन्तर आपूर्ति गरिनेछ। साथै सरकारद्धारा उपलव्ध गराइने निःशुल्क औषधीहरु बाहेकका अन्य औषधीहरु छुट मूल्य कायम गरी बिक्री वितरण गर्न स्वास्थ्य केन्द्रमा फार्मेसी संचालन गर्ने नीति लिइनेछ।

३. खानेपानी तथा सरसफाई

३.१ जीवनका लागि पानी भन्ने मूल नाराका साथ खानेपानी आयोजना सञ्चालन तथा विस्तारमा आवश्यक पहल गरिनेछ।

३.२ गाउँपालिकाका सबै गाउँवासीलाई खानेपानीको सुविधा पुर्‍याउन, हाल संचालनमा भएका खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण पाईप लाइनको मर्मत, सुधार र थप व्यवस्थापनमा सहयोग गरिनेछ भने नयाँ खानेपानी आयोजना निर्माणका संघीय सरकार र प्रदेश सरकारसँग वजेट व्यवस्थापनका लागि पहल गरिनेछ।

३.३ मिति २०७५।०८।०५ गते यस गाउँपालिकालाई खुल्ला दिसामुक्त घोषणा गर्न सफल भएकोमा उक्त घोषणालाई दिगोपना कायम गर्न आवश्यक सरसफाई कार्ययोजना निर्माण गरि अघि बढ्ने नीति लिईनेछ।

३.४ फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धिका लागि सरसफाई अभियान संचालन गरिनेछ। साथै बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि गाउँपालिका, निजी क्षेत्र र स्थानीयबासीको सहकार्यमा नीति निर्माण गरी कार्यक्रम संचालन गरिनेछ।

३.६ बजारमा संकलित फोहोरको उचित व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइडको लागि आवश्यक जग्गाको व्यवस्था गरि फोहोरको उचित व्यवस्थापन गर्ने कार्यलाइ प्राथकितामा राखि ब्यावस्थापन गरिनेछ।

३.७ साझेदारी संस्था नेपाल रेडक्रस सोसाइटी र गाउँपालिकाको सहकार्यमा जडान भैरहेका २०० ट्युवेलको उचित व्यवस्थापन र प्रयोगमा प्राथमिकता दिने साथै थप कार्यक्रमको लागि साझेदार संस्थासंग सहकार्य गर्ने नीति लिईनेछ।

**४. संस्कृति**

४.१ लोपोन्मुख भाषा, धर्म, सस्कृतिको संरक्षणमा सहयोग गरिनेछ। साथै जातीय मठ, मन्दिर, गुम्बा, मस्जिद, दिनाभद्री, धनपाल महाराजथानको प्रवर्द्धन र पूर्वाधार निर्माणमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

**५. महिला विकास,लैंगिक समानता र समावेशिकरण**

५.१ जेष्ठ नागरिक एकल महिलाको सम्मान, सुरक्षा तथा उनीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै गाउँपालिकाले अन्य संस्थाको सहकार्यमा जेष्ठ नागरिक,एकल महिला सम्मान गर्ने तथा ज्येष्ठ नागरिक केन्द्र स्थापना गर्ने नीति लिईनेछ।

५.२ वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा वालवालिका लक्षित विभिन्न शैक्षिक, सामुदायिक तथा गैर सरकारी संघ संस्थाको सहकार्य र समन्वयमा समेत जोड दिइनेछ।

५.३ महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि तालिम, सिपमुलक प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, गोष्ठी लगायतका कार्यक्रम संचालन गरिनेछ। यस्ता कार्यक्रम गर्न महिलासंग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा संचालन गर्न जोडदिईनेछ।

५.४ आदिवासी, जनजाती, दलित, मुस्लिम समुदाय पछाडि परेका वर्ग समुदायका हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि विभिन्न कार्यक्रम संचालनमा ल्याईनेछ।

५.५ वडा सभा मार्फत आएका लक्षित समूह (महिला, वालवालिका, आदिवासी, जनजाति, जेष्ठ नागरिक, दलित) का कार्यक्रमहरुवाडा स्तरिय साथै गाउँपालिकास्तरिय कार्यक्रमहरु प्राथमिकताका आधारमा संचालन गर्ने व्यवस्था मिलाईनेछ।

५.६ अपाङ्गता भएका नागरिकको संरक्षण र विकासको लागि अन्य संघ संस्था संग समन्वय गरि विभिन्न कार्यक्रम संचालन गरिने छ।

५.७ सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणाली मार्फत स्थानीय स्तरमा वितरण हुने गरी व्यवस्थापन गरिनेछ।

**६. खेलकुद तथा मनोरञ्जन**

६.१ आधारभुत (कक्षा १-५), आधारभुत (कक्षा १-८) र मा.वि. तहका विद्यार्थीहरुमा उमेर समुहगत खेलकुद कार्यक्रम संचालन गरी प्रतिभा छनौट गर्ने र छनौट भएका प्रतियोगि खेलाडीहरुलाई आवश्यक प्रशिक्षणको व्यवस्था मिलाउने नीति लिईनेछ।

६.२ यस गाउँपालिका क्षेत्रबाट राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलमा सहभागी भएका खेलाडीहरुको अभिलेख राखी पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिनेछ।

६.३ खेलकुदको क्षेत्रमा प्रशिक्षकको व्यवस्था मिलाई खेलकुदको माध्यमबाट अनुशासन कायम गर्दै स्वस्थ नागरिक उत्पादन गर्न वार्षिक प्रशिक्षण कार्यक्रम संचालन तथा स्थानीय खेलकुद क्लवहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

६.४ युवा वर्गलाई लक्षित गरी विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गर्न प्रोत्साहन गरिनेछ।

६.५ प्रत्येक वडाहरुमा खेलकुद मैदानको व्यवस्थापन गर्दै गाउँपालिकास्तरीय एक व्यवस्थित खेल मैदान बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

## पूर्वाधार विकास क्षेत्र

**१. सडक तथा पुल**

१.१ धनपालथान गाउँपालिकाको विकासको मेरुदण्डको रुपमा रहेको हुलाकी सडक निर्माण र सो सडकमा रहेका पुल, कल्भर्ट लगायतका पूर्वाधार कार्यलाई सम्पन्न गर्न सम्बन्धित निकायहरुमा पहल गरिनेछ।

१.२ विगतमा स्तरउन्नति भइ सकेका र लामो दुरीका सडकहरुलाई कालोपत्रेको लागि सम्वन्धित निकायमा पहल गरिनेछ।

१.३ गाउँपालिकाको क्षमतामा निर्माण हुन सक्ने सडकहरुमा जनसहभागिता समेत जुटाई प्राथमिकताका आधारमा कालोपत्रे सडक निर्माणमा जोड दिइनेछ।

१.४ कच्ची सडकहरु प्राथमिकताका आधारमा क्रमशः ग्राभेल विछ्याउने काम गरिने छ।

१.५ विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरउन्नति गरिने छ।

१.६ उपरोक्त कामका लागि निम्न बमोजिम बाटोको चौडाई निर्धारण गरिएको छ ।

| | |
|---|---|
| कालो पत्रेको लागि न्युनतम चौडाई | ४० फुट |
| स्तरउन्नतिको लागि न्युनतम चौडाई | ३० फुट |
| ग्राभेलको लागि न्युनतम चौडाई | २० फुट |

(विद्यमान परिस्थितिलाई ध्यानमा राखी उक्त नीतिलाई गाउँपालिकाले आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ । )

१.७ उपभोक्ता समितिबाट निर्माण हुने पूर्वाधार निर्माणमा विगतदेखिको लागत वा श्रम सहभागितालाई निरन्तरता दिइनेछ ।

१.८ निर्माणाधिन ठुला पुल, कल्भर्ट सम्पन्न गर्न सम्बन्धित निकायमा ध्यानाकर्षण गरिने छ ।

१.९ साना तीना कल्भर्ट निर्माणको लागि गाउँपालिका बाट बजेटको व्यवस्था गरि प्राथमिकताका आधारमा क्रमश: निर्माण गरिने छ ।

१.१० ह्युमपाईपको अभावमा बाटाहरुमा आवागमनमा समस्या रहेकोले ह्यामपाईप खरिद गरि क्रमश: आवश्यकता पुरा गर्दै लगिनेछ ।

१.११ आयोजना तथा कार्यक्रमलाई प्रभावकारी एवं गुणस्तर कायम राख्न अनुगमन तथा मूल्यांकनलाई व्यवस्थित गरिनेछ । साथै अन्तिम भुक्तानी तथा फरफारकका लागि अनुगमन समितिको सिफारिस तथा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेपछि मात्र अन्तिम भुक्तानी दिइनेछ ।

१.१२ तीन लाख भन्दा माथिका लागत भएका आयोजनाहरुको संचालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण (होडिंग बोर्ड) अनिवार्य राख्नुपर्ने नीति लागु गरिने छ ।

## २. भवन तथा शहरी विकास

२.१ गाउँपालिका क्षेत्रमा नयां घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड २०७२ बमोजिम नक्सा पास स्वीकृत गरेर मात्र निर्माण गर्ने नीति लिईनेछ ।

२.२ यस गाउँपालिका क्षेत्र भित्र निर्माण भईसकेका घरहरुको घरनक्सा पास अर्न्तगत अभिलेखिकरण कार्यलाई निश्चित समयसीमा तोकी विशेष छुट सहितको व्यवस्था गरी अभिलेखिकरण गर्ने कार्य अघि बढाइनेछ ।

२.३ गाउँपालिकाको नक्सांकन र व्यवस्थापनवाट सबै क्षेत्रमा एकरुपता ल्याउन घर नम्बर, वस्तीको नामाकरण, जनसंख्या कार्ड, शौचालयको अवस्था, सडकको नामाकरण, लगायतका कार्यलाई अगाडी बडाईनेछ साथै जनसंख्याको व्यवस्थित रुपमा लगत राखिनेछ ।

२.४ अव्यवस्थित रुपमा सार्वजनिक स्थल, सडक तथा खोलाका किनाराहरुमा जोखिम रुपमा बसोबास गरिरहेका अव्यवस्थित बसोबासलाई जग्गा व्यवस्थापन गरी एकीकृत वस्ती योजना निर्माणमा पहल गरिनेछ ।

२.५ गाउँपालिका तथा वडा कार्यालयहरुको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी प्रदेश तथा संघीय सरकारसंग बजेट व्यवस्थाका लागि पहल गरिनेछ । साथै अन्य सामाजिक संघसंस्थाहरुको भवन निर्माणमा आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

## ३. उर्जा तथा विद्युत :

३.१ विगतमा विस्तार भएका विद्युतको क्षमता बृद्धि तथा मर्मतका लागि सम्बन्धित कार्यालयमा पहल गरिने छ ।

विद्युत आपूर्ति पुग्न नसकेको क्षेत्रहरुमा नवीकरणीय ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा सौर्य उर्जा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३.२ विद्युत विस्तार हुन बाँकी ठाउँमा विधुतीकरणका लागि विद्युत प्राधिकरणसंग पहल गरिने छ । उक्त ठाउँहरुमा विधुत कार्यालय संग समेत साझेदारी कार्यक्रम संचालन गरिने छ ।

३.३ मूख्य सडकहरुमा सडक बत्ति जडानका लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसंगको सहकार्यमा संचालन गरिने छ ।

## ४. सञ्चार

४.१ स्थानीय पत्रपत्रिका तथा संचार माध्यमलाई विज्ञापन तथा सूचनाहरु प्राथमिकताक्रम अनुसार उपलब्ध गराइनेछ ।

४.२ गाउँपालिकाका हरेक क्रियाकलापहरु कार्यालयको webside, Mobile Appsको माध्यम बाट सर्वसाधारणलाई सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

## वन वातावरण तथा विपद व्यवस्थापन

१.१ पर्यावरणीय महत्व बोकेको यस गाउँपालिकाका महत्वपुर्ण नदि किनारमा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ भने नदि नियन्त्रण तथा तटबन्ध निर्माणका लागि प्रदेश तथा संघीय सरकारसंग बजेट विनियोजन गर्न आवश्यक पहल गरिनेछ ।

१.२ विपद्बाट हुने धनजनको क्षति कम गर्न र विपद्लाई न्यूनीकरण गर्न रेडक्रस सोसाइटी, सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्यूनिकरण कार्यक्रम संचालन गरिनेछ ।

१.३ ग्रामिण क्षेत्र भएकाले गाउँवासीहरुको स्वास्थ्यमा ध्यान पुर्याउदै वायो ग्यास, वैकल्पिक उर्जाको प्रवंद्धनमा जोड दिइने छ ।

## सूशासन तथा संस्थागत विकास

१.१ जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनिधि तथा कर्मचारी सवैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

१.२ आन्तरिक प्रशासन चुस्त र दुरुस्त कायम गर्न सके मात्र गाउँवासीलाई छिटो, छरितो, सरल र प्रभावकारी ढंगले सेवा सुविधा उपलब्ध गराउन सकिन्छ भन्ने विश्वासका साथ गाउँपालिकामा व्यवस्थित र प्रणालीगत प्रशासनिक संरचनाको निर्माण सहित कर्मचारीहरुको व्यवस्था गरि प्रभावकारी कार्य विभाजनलाई सुनिश्चता गरिनेछ। गाउँपालिकाभित्र आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्थापन गर्न सम्बन्धित निकायहरुसंग पहल गर्ने र पदपूर्तिको माध्यमबाट करार र ज्यालादारीमा कर्मचारी व्यवस्थापन गरिनेछ। साथै योग्यता, क्षमता र उत्कृष्टताको आधारमा पदस्थापन प्रणालीलाई व्यवस्थित गरिनेछ।

१.३ अनुभवी, क्षमतावान र स्वयं उत्प्रेरित कर्मचारी विना गाउँवासीले चाहेजस्तो प्रभावकारी र अनुभूतिजन्य सेवा प्रवाह गर्न समस्या पर्ने भएकाले प्रशासनिक संयन्त्रलाई आधुनिक प्रविधियुक्त वनाइदै समयानुकुल तालिम र प्रशिक्षणमा जोड दिइनेछ। साथै अनुशासित भई काम गर्ने कर्मचारीलाई प्रोत्साहन गर्ने तथा अनुशासनहिन काम र गल्ति गर्ने कर्मचारीलाई सचेत गराउदै निरुत्साहित, दण्डित गरिने नीति अवलम्बन गरिनेछ।

१.४ वडा कार्यालयहरुको आवश्यक संस्थागत विकासमा जोड दिइनेछ ।

१.५ गाउँपालिकाबाट सम्पादित आर्थिक, प्रशासनिक र योजनागत विकास निर्माण र लक्षित कार्यक्रमहरुलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी वनाइनेछ।

१.६ विकेन्द्रीकरण र स्वायत्तताको मर्म र सिद्दान्त अनुरुप स्थानीयवासीले सम्भव भएसम्म सेवा सुविधा घरदैलो र टोल टोलमा प्राप्त गर्न सक्ने व्यवस्थाका लागि वडास्तरबाट सम्पादन हुने कार्यलाई सफ्टवेयरको माध्यमबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

१.७ वडा कार्यालय संचालनका लागि निश्चित सिलिङ्ग सहितको बजेट व्यवस्था गरिनेछ।

१.८ यस गाउँपालिकामा कार्यरत स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरु लाई प्रोत्साहनस्वरुप स्थानीय तहको क्षमता अनुसार उपलब्ध गराई रहेको स्थानिय भत्ता लाई निरन्तरता दिने नीति लिईनेछ। साथै करारतर्फका कर्मचारीहरुलाई समेत पोशाक तथा चाडपर्व खर्चको व्यवस्था गरिनेछ।

१.९ गाउँपालिका भित्रको सवै विवरण दुरुस्त राख्न गाउँ प्रोफायल तयार गरिनेछ।

१.१० प्रत्येक चौमासिकमा जनप्रतिनिधि र कर्मचारी विचमा आपसी अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।

१.११ प्रशासनिक खर्चमा मितव्ययिता अपनाईनेछ।

१.१२ प्रभावकारी वित्तिय व्यवस्थापनका लागि शुन्यमा आधारित लेखाप्रणाली व्यवस्थित गरिनेछ।

१.१२ यस गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यालयहरुमा विद्युतीय हाजिरीलाई प्रभावकारी वनाउने नीति लिईनेछ।

## राजस्व नीति

१.आन्तरिक आय तथा राजश्वलाई दीगो एवं भरपर्दो बनाउन करको दायरालाई फराकिलो बनाइने नीति लिईनेछ।

२. गाउँपालिकाले राजश्वको दायरा र क्षेत्र निर्धारण गर्दा विद्यमान ऐन नियममा भएको व्यवस्थालाई अवलम्बन गरिनेछ।

३. करको दायरालाई फराकिलो बनाई दरलाई समयसापेक्ष समायोजन गर्दै लगिनेछ। साथै करको चुहावटलाई नियन्त्रण गरिनेछ।

४. दिगो श्रोत व्यवस्थापन गर्न नयाँ श्रोतको पहिचानका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

५ करमैत्री वातावरण श्रृजना गर्न सरोकारवाला, अन्तरसरकारी, स्थानीय गैरसरकारी संघसंस्थासँगको समन्वय र सहकार्यबाट क्षमतायोग्य कर राजश्व निर्धारण गरी करदाताको संख्या बढाइनेछ।

६ दोहोरो कर प्रणाली हटाई एकद्वार प्रणालीबाट कर, राजश्व संकलन गर्ने नीति अवबलम्बन गरिनेछ।

८ आ.व. २०७६/०७७ देखि एकीकृत सम्पत्ति कर लागू गर्ने उल्लेख भएपनि संघीय सरकारको बजेटबाट भएको व्यवधान तथा गाउँपालिकाको आन्तरिक तयारी न्यून भएको कारण विगतदेखि नै प्रचलनमा रहेको मालपोत (भुमि कर) तथा धुरीकर नै असुल उपर गरिनेछ।

९ कानूनबमोजिम बाहेक कर, राजश्व संकलन गरिने छैन।

**सभाध्यक्ष महोदय,**

अव म आ.व. २०७६/०७७ का लागि अनुमानित गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु। गाउँपालिकाको लागि नेपाल सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान १२ करोड ५५ लाख, राजश्व बाँडफाड बापत रकम रु ८ करोड ९७ लाख , प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान रु ७४ लाख ५१हजार, प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाड तर्फ सवारी साधान कर बाँडफाँडबाट प्राप्त राजश्व रु ६३ लाख ६४ हजार र आन्तरीक आयस्रोत बापत रु १ करोड ५९ लाख र नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रु १२ करोड ८१ लाख आन्तरिक आयमा अल्या रकम रु ५० लाख अनुमानित गरी कुल गरी कुल ३७ करोड ८० लाख १५ हजारको आय अनुमान गरिएको छ।

— आ.व २०७६/७७ मा सामाजिक सुरक्षा अनुदान, एल.जि.सि.डि.पी कार्यक्रम,तराई मधेस सम्वृद्धि, निर्वाचन क्षेत्र विकास कार्यक्रम,महिला तथा वालवालिका विकास, गरीवसंग विशेश्वर कार्यक्रम,नेपाल सरकारबाट प्राप्त हुने अन्य सशर्त अनुदान र सडक बोर्डबाट प्राप्त हुने रकम र जनसहभागिताको रकम, प्राकृतिक स्रोत साधन बाँडफाँड रकमको अक हालसम्म जानकारीमा नआएका कारण बजेटमा समावेश गन सकिएको छैन। यो रकम प्राप्त हुन आएमा तत्समय तत् विषयमा विनियोजन गरिने समेत सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

साथै आर्थिक वर्ष ०७५।०७६ मा हाल सचालनमा रहेका योजनाको अन्तिम फरफारक हुन बाँकी रहेको र विविध कारणले सन्चालन हुन नसकेका पुँजीगत कार्यक्रमलाइ आ व ०७६।०७७ मा समावेश गरी कार्यान्वयन गर्न प्रस्ताव गर्दछु।

**व्ययतर्फको अनुमान तपशीलअनुसार प्रस्ताव गर्दछु।**

१. यस गाउँपालिका भित्रका आर्थिक महत्व र गाउँपालिकाको गौरवका ४ वटा सडकहरुलाइ क्रमागत योजनाको रुपमा निर्माण कार्य अगाडि बडाउन गर्न म्याचिङ्ग फण्ड को रुपमा ४ करोड विनियोजनको प्रस्ताव गरिएको छ।

क) कदमाहा नोचा सडक कालोपत्रे रु १ करोड ५० लाख

ख) कर्सिया पानीटंकी देखि कालिका स्कुल हुँदै फुटानीचौक जोड्ने सडक कालोपत्रे रु १ करोड

ग) वडा नं. २ हनुमान मन्दिरदेखि छोटी भन्सार जोड्ने सडक कालोपत्रे रु १ करोड

घ) भलुवाचौकदेखि डकुवाडाँडा कालोपत्रे रु ५० लाख

२. शिक्षातर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त विद्यालयको भौतिक पूर्वाधार र विद्यालय व्यवस्थापनको लागि एकमुष्ट १ करोड विनियोजनको प्रस्ताव गरिएको छ।

३. स्वास्थ्य तर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरित्त गाउँपालिकावाट घोषित स्वास्थ्य नीतिहरुको कार्यान्वयनको लागि रु ६० लाख विनियोजन प्रस्ताव गरिएको छ।

४. कृषि तथा सिंचाईमा नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु ७० लाख विनियोजन प्रस्ताव गरिएको छ।

५. पशुपंक्षी सेवातर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु ६० लाख विनियोजन प्रस्ताव गरिएको छ।

६. महिला,वालवालिका तथा जेष्ठ नागरिकतर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि २० लाख विनियोजन प्रस्ताव गरिएको छ।

७. विपद व्यवस्थापन कोषमा रु १५ लाख विनियोजन प्रस्ताव गरिएको छ।

८. फोहरमैला व्यवस्थापनको लागि रु. २० लाख विनियोजन प्रस्ताव गरिएको छ।

९. कर्सिया हाटवजार व्यवस्थापनका लागि रु १० लाख विनियोजन प्रस्ताव गरिएको छ।

१०. धनपालथान गापा वडा नं ३ डिप वोरिङका लागि रु २५ लाख विनियोजन प्रस्ताव गरिएको छ

११. लक्ष्मीमार्ग गणेश बैठा घरदेखि ट्रान्सफर्मर हुँदै लखन्तरी कुसमाहा जोड्ने सडक रु ७४ लाख ५१ हजार विनियोजन प्रस्ताव गरिएको छ।

१२. मदरसा अगाडि अधुरो पूल निर्माणका लागि रु ५ लाख ६० हजार विनियोजन प्रस्ताव गरिएको छ।

१३. वडा नं ७ शिवनारायण मण्डलको खेत दक्षिण १ नं सिमाना जोड्ने सडक ग्राभेल रु ५ लाख ५० हजार विनियोजन प्रस्ताव गरिएको छ।

१४. लखन्तरी ग्रामथानको व्यवस्थापनका लागि रु ३ लाख विनियोजन प्रस्ताव गरिएको छ।

१५. वडा नं १ कार्यालय भवन निर्माणका लागि वडाको वजेटमा थप रु ५ लाख ५० हजार विनियोजन प्रस्ताव गरिएको छ।

१६. वडा नं ६ को रणकालीथानका लागि रु ४ लाख ५० हजार विनियोजन प्रस्ताव गरिएको छ।

१७. वडा नं ५ को भुतेश्वर मन्दिरका लागि रु ६ लाख ५० हजार विनियोजन प्रस्ताव गरिएको छ।

१८.वडा नं ३ को दानावती हटिया टहरा निर्माणका लागि रु ५ लाख विनियोजन प्रस्ताव गरिएको छ

१९. वडागत योजनाको लागि रु ७ करोड २० लाख विनियोजन प्रस्ताव गरिएको छ।

२०. संचालन खर्च प्रशासनिकतर्फ रु ८ करोड १० लाख ४० हजार विनियोजन प्रस्ताव गरिएको छ।

२१. संचालन खर्च पूँजीगततर्फ रु ६० लाख विनियोजन प्रस्ताव गरिएको छ।

२२. भैपरि आउने पूँजीगततर्फ रु १८ लाख ६४ हजार विनियोजन प्रस्ताव गरिएको छ।

२३. सशर्त अनुदानमा तोकिएबमोजिमका शिर्षकहरुमा सोही शिर्षकमा खर्च हुने गरि रु १२ करोड ८१ लाख विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

धनपालथान गाउँपालिकाको चौथो ऐतिहासिक गाउँसभा सम्पन्न गर्ने क्रममा योजना तर्जुमाका विभिन्न चरणमा सहयोग पुऱ्याउनु हुने विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पत्रकार मित्रहरु लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण गाउँवासी दाजुभाई दिदी वहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै आगामी दिनहरुमा पनि यहाँहरुको सहभागिता, सहयोगको अपेक्षा समेत गर्दछु।

अन्त्यमा, यस धनपालथान गाउँपालिकाको स्थानीय तहको गाउँसभामा पेश गरिएको नीति कार्यक्रम तथा बजेटले धनपालथान गाउँपालिकाको विकासमा उल्लेखनीय योगदान गरी विकासतर्फ लम्कनेछ भन्ने शुभेच्छा, आशा एवं विश्वास प्रकट गर्दै यस गरिमामय सभामा बजेट, योजना तथा कार्यक्रम प्रस्तुत गर्ने सु-अवसर दिनुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु।